नगरपालिकाबाट स्वीकृत मिति - २०८२/०४/२१

# शितगंगा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

ठाडा अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२

# शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२

## पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। यसका लागि संविधानको मौलिक हक अन्तर्गत धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ स्वतन्त्रताको हक, धारा १८ समानताको हक, धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ मा राज्यको दायित्व सम्बन्धी व्यवस्था गरेको छ। यसका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग र मुस्लिम आयोग जस्ता संवैधानिक आयोगहरुको समेत व्यवस्था गरी संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसात गरेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ। सोही ऐनको दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषयक्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा(२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति, २०७६ ले विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जातजाति, लिङ्ग तथा क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित समाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सबै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ। साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी समितिको व्यवस्था समेत गरेको छ।

यसैगरी आवधिक योजना र राष्ट्रिय लैङ्गिक समानता नीतिले योजना देखि उपलब्धिसम्म लैङ्गिक समानता र समावेशी विषयलाई आन्तरिकीकरण गर्न सबै तहहरुमा कार्य गर्न निर्देशित साथै व्यवस्था गरेकोछ। यसै सन्दर्भमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जातजाती, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता,

अग्रसरता र निर्णय प्रकृयामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ। यी कार्यहरु गर्न शितगंगा नगरपालिकालाई लैङ्गिकमैत्री र समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु  जस्तै दलित, आदिवासी जनजाती, पिछडावर्ग, अल्पसंख्यक र सीमान्तकृतमा महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिका सहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न र यस पालिकाका सबै कार्यालयहरुको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न र गराउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता भएको छ। ति कार्यहरुलाई शितगंगा नगरपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई लैससास मुल प्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकाले शितगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२ तर्जुमा गरिएको छ।

## वर्तमान स्थिति

शितगंगा नगरपालिका हाल क्षेत्रफलका हिसाबले नेपालको सबैभन्दा ठुलो नगरपालिका हो। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३७,६९१ रहेको छ। जसमा महिला १९,९४२ (५२.९ प्रतिशत) र पुरुष १७,७४९ (४७.१ प्रतिशत) रहेका छन्। यस नगरपालिकामा सामाजिक साँस्कृतिक रुपमा विविधता हुनुको साथै बहुजातीय र बहुभाषिक संरचना रहेको छ। यहाँको लैङ्गिक अनुपात ८९ पुरुष प्रति १०० महिला रहेको छ। कुल परिवार सङ्ख्या ९,४५० रहेको छ। कुल परिवार सङ्ख्याको ३७.९ प्रतिशत परिवारमा घरमुली महिला छन्। कुल साक्षरता दर ८० प्रतिशत रहेकामा पुरुष ८७.६ प्रतिशत र महिला ७३.३ प्रतिशत साक्षर छन्। कुल जनसङ्ख्याको ३.५ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। जसमध्ये ४.३ प्रतिशत पुरुष र २.८ प्रतिशत महिला रहेका छन्। मगर जातिको बाहुल्यता रहेको यस नगरपालिकामा ३७.६ प्रतिशत मगर जातिको बसोबास छ। ब्राह्मण (पहाडी) १९.३ प्रतिशत, क्षेत्री १६.१ प्रतिशत, विश्वकर्मा १०.६ प्रतिशत, मिजार ५.९ प्रतिशत, कुमाल ३.६ प्रतिशत, परियार ३.५ प्रतिशत, गुरुङ्ग १.८ प्रतिशत, नेवार १.१ प्रतिशत र घर्ती ०.७ प्रतिशत गरी विभिन्न जातजातीको बसोबास रहेको छ।

९६.७ प्रतिशत जनसंख्या हिन्दु धर्मावलम्बी रहेको यस नगरपालिकामा २.५ प्रतिशत बौद्ध, ०.३ प्रतिशत क्रिश्चियन र ०.४ प्रतिशत प्रकृति पुजक रहेका छन्। कुल जनसङ्ख्याको २०.०७ प्रतिशत जनसङ्ख्या ६० वर्ष र सो भन्दा माथि उमेर समुहको रहेको छ। ७३.१ प्रतिशत नगरबासीको मुख्य पेशा कृषि रहेको छ। नगरमा जम्मा जनप्रतिनिधिहरु ७३ जना रहेकामा महिलाको सङ्ख्या ३० जना अर्थात् ४१.०९ प्रतिशत रहेको छ।

यस नगरपालिकाले गर्दै आएका विकासका कार्यहरु के कति समावेशी भए भनी प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दै आएको छ। स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेटको कार्यान्वयनबाट समग्र लक्षित समुहको नेतृत्व विकास, जिविकोपार्जन र सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्याइरहेको छ। शितगंगा नगरपालिकाले शासन र विकासमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई एकाकार तथा आत्मसात गर्नेगरी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको घोषणा गरेको छ। यसमा नगरको शासन र विकासलाई लैङ्गिक दृष्टीले समतायुक्त र समावेशी बनाउन आवश्यक पर्ने नीतिगत व्यवस्था, कार्यक्रम र बजेट व्यवस्था

लगायतका विषयहरु समेटिएका छन्। लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिगत स्पष्टता सहित उपलब्धीमा आधारित, जवाफदेही, दिगो र सामञ्जस्ययुक्त तुल्याउन यो नीति अपरिहार्य देखिएको छ।

## समस्या, चुनौती र अवसरहरु

**समस्याहरु**

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता नहुनु, सेवाप्रवाह गर्ने व्यक्ति विशेषको मूल्य,मान्यता र व्यवहारमा समानता नहुनु,
- विभिन्न लिङ्ग, वर्ग, क्षेत्र समुदाय र जातजाती बिच हुने व्यवहारगत विभेद पुरै हट्न नसक्नु,
- विभिन्न लक्षित वर्गहरु जस्तै दलित, आदिवासी जनजाती, पिछडावर्ग, महिला र अपाङ्गता भएका व्यक्तिहरु वा समुदाय बिचमा आर्थिक तथा सामाजिक प्रतिष्ठाको अन्तर उच्च रहनु,
- लिङ्गको आधारमा ज्याला दररेटमा भेदभाव तथा दक्ष महिला कामदारलाई समेत ज्याला दरमा भेदभाव गर्ने परिपाटी विद्यमान रहनु,
- नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन, अभिलेखीकरण र अद्यावधिक नहुनु साथै भएका तथ्याङ्कहरु योजना तर्जुमा र समिक्षाको लागि प्रयोगमा नआउनु,
- योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाल मुलप्रवाहीकरणको गति सुस्त हुनु,
- सुचना र सेवा प्रवाहमा लक्षित वर्गहरुको पहुँच कम हुनु,
- बन्चितिकरणमा परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्न नसक्नु,
- नगरपालिकाबाट गठन हुने समिति र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मर्म अनुसार अग्राधिकार नपाउनु,
- नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका अवधारणालाई अवलम्बन गर्ने सुचकहरु समावेश नहुनु साथै व्यवहारमा नआउनु,
- नियमित रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण नहुनु।

**चुनौतीहरु**

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता ल्याउन, सेवाप्रवाह गर्ने व्यक्ति विशेषको मूल्य, मान्यता र व्यवहारमा समानता ल्याउने,
- विभिन्न लिङ्ग, वर्ग, क्षेत्र समुदाय र जातजाती बिच हुने व्यवहारगत विभेद हटाउने,
- विभिन्न लक्षित वर्गहरु जस्तै दलित, आदिवासी जनजाती, पिछडावर्ग, महिला र अपाङ्गता भएका व्यक्तिहरु वा समुदाय बिचमा आर्थिक तथा सामाजिक अन्तर कम गर्ने,
- सबै श्रमिकको समान कामको समान ज्यालादर कायम गर्ने,

- नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन, अभिलेखीकरण र अद्यावधिक गर्न साथै भएका तथ्याङ्कहरु योजना तर्जुमा र समिक्षाको लागि प्रयोगमा ल्याउने,
- योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाल मुलप्रवाहीकरण गर्ने,
- विद्यमान कानुनी ब्यवस्था, सेवा र सुविधाका बारेमा लक्षित वर्गहरुको पहुँच स्थापित गर्ने,
- नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, अवसर र लाभको न्यायोचित वितरण गर्ने,
- बन्चितीकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तीकरण गर्ने,
- नगरपालिकाबाट गठन हुने समिति र संरचना लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउने,
- नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका अवधारणालाई अवलम्बन गर्ने सुचकहरु समावेश गर्न र व्यवहारमा ल्याउने,
- नियमित रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी सुधारका कार्य गर्ने व्यवस्था गर्ने।

**अवसरहरु**

स्थानीय सरकारले नै नीति तथा कानून निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री नगर बनाउने अवसर प्रदान गरेको छ। नेपाल पक्ष राष्ट्र भई गरेका विभिन्न महासन्धी तथा सन्धीहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा जनाएका प्रतिबद्धता, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अवसर समेत प्राप्त छ।

## नीतिको आवश्यकता र औचित्य

शितगंगा नगरपालिकामा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छः

१. शितगंगा नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्न,

२. शितगंगा नगरपालिकामा योजना तर्जुमा प्रक्रियालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन,

३. नगरको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन,

४. शितगंगा नगरपालिकाको नीति, कानून र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मुल प्रवाहीकरण गर्न,

५. शितगंगा नगरपालिका अन्तर्गत सञ्चालन हुने नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न,

६. सरोकारवालाहरु बीच बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कानुनी ब्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन,

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता, संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न,
८. लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै लाभको न्यायोचित वितरणको ब्यवस्था गर्न,
९. गुनासो सुनुवाईको उचित ब्यवस्था गर्न,
१०. दिगो विकासको लक्ष प्राप्त गर्न,
११. लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसाको अन्त्य गर्न।

## नीतिका मार्गदर्शक सिद्धान्त

लैङ्गिक समानता, अधिकारमा आधारित दृष्टिकोण, लैङ्गिक मुलप्रवाहीकरण र सशक्तीकरण, लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा र विभेदको अन्त्य, लैङ्गिक उत्तरदायी तथा संवेदनशील शासन पद्धती, लैङ्गिक दृष्टिले अन्तरपक्षीय समताको सुनिश्चितता, सकारात्मक विभेद र लक्षित वर्गको संरक्षण, नीतिको स्थानीयकरण, बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी लगायतका सिद्धान्त यस नीतिका मार्गदर्शक सिद्धान्त हुन्।

## दीर्घकालिन सोँच

सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामा आधारित समृद्ध नगरको निर्माण।

## दीर्घकालिन लक्ष्य

लैससासका क्षेत्रमा भएका अभ्यासहरुलाई संस्थागत गर्न र विभिन्न भेदभावजन्य प्रचलन र व्यवहार (जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रगत तथा समुदायगत) अन्त्य गर्दै पछाडी परेका वर्ग र समुदायका सवालहरुलाई मूलप्रवाहीकरण गरी शितगंगा नगरपालिकालाई एक समतामुलक र लैससास मैत्री नगर बनाउने।

## उद्देश्य

१. शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्ने,
२. पालिकामा विद्यमान विभिन्न भेदभावजन्य प्रचलन, कुसंस्कार र दुर्व्यवहार (जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रगत तथा समुदायगत) अन्त्य गर्ने र पालिकालाई एक नमुना स्थानीय तहका रुपमा विकास गर्ने,
३. नगरपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्ने,
४. नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधामा लक्षित वर्गको सहभागिता वृद्धि गर्ने,
५. नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्ने,
६. नगरपालिकाको नीति, व्यवस्था, कार्यक्रम तथा बजेट लैससास मैत्री बनाउने,

७. सरोकारवालाहरु बिच बुझाईमा एकरुपता कायम गर्ने र लैससास सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउने,

८. दिगो विकासको लक्ष्य प्राप्त गर्न सहयोग गर्ने,

९. नेपाल सरकारले लैससासको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयनमा सघाउने,

१०. पालिका अन्तर्गत रहेका कार्यपालिका, विषयगत शाखाहरु, वडा कार्यालय, विकास साझेदार र सामुदायिक संघसंस्थाहरुलाई संस्थागत एवं कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने,

११. महिला, बालबालिका, गरीब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहना प्रति अझ बढी संवेदनशील, उत्तरदायी र जवाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,

१२. सरोकारवालाहरूलाई आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्ने,

१३. स्थानीय जनता विशेष गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गरिब तथा वञ्चितीकरण र जोखिममा परेका समूहको क्षमता अभिवृद्धि गरि स्थानीय तहको विकास प्रक्रियामा यी वर्गहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने,

१४. सबै प्रकारका सामाजिक विभेदको न्यूनीकरण गर्दै अन्त्य गर्ने,

१५. विपद्को समयमा वा विपद् पश्चात हुने विभिन्न किसिमका लैंगिक हिंसाहरुबाट महिला तथा बालबालिकालाई संरक्षण गर्ने।

## नीति, रणनीति तथा कार्यनीतिहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण केन्द्रीकृत रूपमा हुन सक्तैन। यसका लागि विकेन्द्रित शासन प्रणाली, प्रभावकारी सेवाप्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ। विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक बहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ। यस नीतिमा नगरपालिकाका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ। यस नगरपालिकामा लैससास नीतिलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयनका लागि देहायका नीति, रणनीति र सोका कार्यनीतिहरु अवलम्बन गरिनेछः

**नीति १. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीति, कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गर्ने।**

**रणनीति**

**१.१ हाल भएका नीति, कानून, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरु पुनरावलोकन गर्ने र लैससास संवेदनशिल बनाउने।**

**कार्यनीतिहरु**

१.१.१ विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधिहरुको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समिक्षा तथा पुनरावलोकन गरी तर्जुमा गरिनेछ ।

१.१.२. विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई वार्षिक योजना, आवधिक योजना, विषयगत तथा क्षेत्रगत कार्यक्रम तथा बजेटको तर्जुमा गरिनेछ।

१.१.३ नीति, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजनाहरुको प्रभावकारीताको लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**रणनीति**

**१.२ पालिकाको सेवा प्रवाह संयन्त्र तथा प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने।**

**कार्यनीतिहरु**

१.२.१ लैससासको खण्डिकृत तथ्याङ्कलाई नियमित, अद्यावधिक साथै नीति तथा कार्यक्रममा आबद्ध गरिनेछ।

१.२.२ कर्मचारी भर्ना तथा समग्र मावन संशाधन प्रक्रियालाई लैससासमैत्री एवं जवाफदेही बनाइनेछ।

१.२.३ नगरपालिकाका भौतिक संरचना, कार्यशैली र वातावरण लैससास मैत्री बनाउँदै लगिनेछ।

१.२.४ वार्षिक रुपमा लैङ्गिक उत्तरदायी बजेट परीक्षण र लैससास परीक्षण गरी पालिकालाई लैससास उत्तरदायी बनाइनेछ।

१.२.५ पालिकाको बजेट तथा कार्यक्रम विनियोजन गर्दा लैससासको क्षेत्रमा कुल पुँजीगत बजेटको १० (दश) प्रतिशत बजेट छुटयाइनेछ।

**नीति २. विद्यमान भेदभावजन्य व्यवहार, हानीकारक प्रचलन र महिला हिंसा अन्त्यका लागि शून्य सहनशिलता अपनाउने।**

**रणनीति**

**२.१ विद्यमान भेदभावजन्य व्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलताको रणनीति लिने।**

**कार्यनीतिहरु**

२.१.१ राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा सम्झौताहरुको पालना र कार्यान्वयन गर्दै नगरको लक्ष्य अनुसार शुन्य सहनशीलताको लागि कानुन, कार्यविधि, कार्ययोजना निर्माण र सो का लागि बजेट छुट्याइनेछ।

२.१.२ शुन्य सहनशीलताको लागि कानुन, कार्यविधि, कार्ययोजना र बजेट कार्यान्वयन गर्न नगरपालिका तथा वडास्तरका कार्यस्थललाई लैससासमैत्री बनाउँदै लगिनेछ।

२.१.३ लैससास आचारसंहिताको तर्जुमा र कार्यान्वयन गरिनेछ।

२.१.४ नीति, रणनीति, कार्यविधि र कार्ययोजना कार्यान्वयका लागि आवश्यक बजेट विनियोजन तथा कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

२.१.५ लक्षित वर्गको अर्थपूर्ण सहभागिता सहितको अनुगमन र मुल्याङ्कन प्रणालीको व्यवस्था गरिनेछ।

२.१.६ नगरपालिकाको लैससास सम्बन्धी शुन्य सहनशीलताको नीतिका बारेमा सरोकारवाला तथा लक्षित वर्गलाई जानकारी गराउन मिडिया मार्फत जानकारी प्रशारण गरिनेछ।

२.१.७ नगरपालिकाको न्याय सम्पादन प्रणालीलाई भेदभाव रहित र हानीकारक प्रचलनका विरुद्धमा प्रभावकारी र सर्वसुलभ बनाइनेछ।

२.१.८. विपद् प्रतिकार्य तथा पुनः स्थापनाको चरणमा महिला तथा बालबालिका माथि हुन सक्ने यौन शोषण तथा दुर्व्यवहार रोकथामका लागि शून्य सहनशीलताको नीति लिइनेछ।

२.१.९ महिला, पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक श्रमिकहरुलाई श्रमको ज्यालामा समानता कायम गर्ने।

२.१.१० रैथाने र आप्रवासी कामदार तथा श्रमजीविप्रति कुनै प्रकारको विभेद नगर्ने।

२.१.११ बालश्रम, बालबिवाह, बहुबिवाह, दाइजो, बोक्सी, छाउपडी जस्ता कुप्रथा हटाउन लक्षित वर्गमा सचेतनामुलक कार्यक्रम गर्ने।

२.१.१२ लैससासमैत्री पुर्वाधारमा जोड दिइनेछ।

**रणनीति**

**२.२ भेदभावजन्य व्यवहार र हानिकारक प्रचलनहरुको अन्त्यका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने।**

**कार्यनीतिहरु**

२.२.१ नगरपालिकाको नीति, रणनीति, कार्यविधि र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालासँग समन्वय, परामर्श र सहकार्य गरिनेछ।

२.२.२ विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

२.२.३ प्रभावितको सामाजिक र आर्थिक पुनः स्थापनाका लागि सशक्तीकरणका कार्यक्रम गरिनेछ।

**रणनीति**

**२.३ लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवं उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने।**

**कार्यनीतिहरु**

२.३.१ लैङ्गिक तथा तथा सामजिक भेदभावमा परेका व्यक्तिहरुको पहिचान गरिनेछ।

२.३.२ हिंसा प्रभावित व्यक्तिहरुका लागि पुनःस्थापना, संरक्षण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

२.३.४ लक्षित वर्गलाई बचत परिचालन कार्यक्रम मार्फत आर्थिक रुपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

२.३.५. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग र समुदायका लागि सिपमुलक, आयमुलक तथा उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जीवनोपयोगी सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

**रणनीति**

**२.४ पालिकामा विद्यमान विभेदहरु न्यूनीकरण गर्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने।**

**कार्यनीतिहरु**

२.४.१ न्यायिक समितिले प्रदान गर्ने सेवाहरुका बारेमा लक्षीत वर्गलाई मध्यनजर गरी जानकारी दिइनेछ।

२.४.२ पालिकाले प्रवाह गर्ने सेवा सुविधाका बारेमा जानकारी दिइनेछ।

२.४.३ लक्षित वर्गलाई सेवा लिने प्रक्रियामा सहजीकरण गरिनेछ।

२.४.४ लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, हानीकारक प्रचलन तथा मान्यता र यसले समग्र विकास प्रक्रियामा पारेको प्रभाव सम्बन्धमा अभिमुखीकरण गरिनेछ।

**नीति ३. नगरपालिकाको नीति निर्माण एवं निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तीकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने।**

**रणनीति**

**३.१ बञ्चितिमा परेका विभिन्न वर्ग, क्षेत्र र समुदायको आधारभूत खण्डिकृत तथ्याङ्क अद्यावधिक गरि नीति तथा कार्यक्रममा आबद्ध गर्ने।**

**कार्यनीतिहरु**

३.१.१ पालिकाको पार्श्वचित्र आधारभूत र खण्डिकृत तथ्याङ्क सहित अद्यावधिक गरिनेछ।

३.१.२ आधारभूत र खण्डिकृत तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्न सरोकारवालाहरुसंग समन्व्य तथा सहकार्य गरिनेछ।

३.१.३ योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको आधारभूत आवश्यकता र खण्डिकृत तथ्याङ्कको आधारमा कार्यक्रम तर्जुमा गरिनेछ।

**रणनीति**

**३.२ लैङ्गिक तथा सामाजिक भेदभावमा रहेका व्यक्तिहरुको न्यायोचित एवं उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने।**

**कार्यनीतिहरु**

३.२.१ लक्षित वर्गको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु गरिनेछ।

३.२.२ समानुपातिक सहभागिताका लागि तयार भएका कार्यविधि तथा मापदण्डका बारेमा स्थानीय एफएम रेडियो, पत्र-पत्रिका र विद्युतीय सञ्चार माध्यमहरुबाट सूचना सम्प्रेशण गरिनेछ।

३.२.३ लक्षित वर्गका लागि आय आर्जन तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

३.२.४ विपन्न वर्गलाई विशेष अवसर र अनुकुल वातावरण सहित सहभागिताको अवसर प्रदान गरिनेछ।

**रणनीति**

**३.३ स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, स्रोत परिचालन र व्यवस्थापनमा लक्षित वर्गको समावेशीकरणलाई आन्तरिकीकरण गर्ने।**

**कार्यनीतिहरु**

३.३.१ योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ।

३.३.२ लक्षित वर्गका सवालहरुलाई प्राथमिकता दिइनेछ।

३.३.३ लक्षित वर्गले लाभ लिए नलिएको विषयमा सार्वजनिक परिक्षण गरिनेछ।

३.३.४ योजना तर्जुमा गर्दा स्थानीय सरकारले तोकेको मापदण्ड तथा नीतिलाई आधार मानिनेछ।

**नीति ४. नगरपालिकाबाट उपलब्ध स्रोत साधन र समग्र विकास प्रक्रियाको लाभ वितरणमा लक्षित वर्गको समतामूलक र न्यायोचित अवसर सुनिश्चित गर्ने।**

**रणनीति**

**४.१ नगरपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तदायी बजेट विधि अनुसार निर्माण गर्ने।**

**कार्यनीतिहरु**

४.१.१ योजना तर्जुमाको प्रक्रियामा बस्तीस्तरको छलफल देखि नै सहभागितात्मक छलफल गरिनेछ।

४.१.२ लैङ्गिक उत्तरदायी बजेट परीक्षण प्रणालीलाई कार्यान्वयन गरिनेछ।

४.१.३ असमानता हटाई समावेशीकरण बढाउन महिला र पुरुषको समविकास हुने कार्यक्रमहरु गरिनेछ।

**रणनीति**

**४.२ बञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत र खण्डिकृत तथ्याङ्क सङ्कलन र अद्यावधिक गरि उक्त तथ्याङ्क लाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कन प्रणालीमा प्रयोग गर्ने।**

**कार्यनीतिहरु**

४.२.१ बञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आवश्यकतालाई खण्डिकृत तथ्याङ्क अनुरुप योजना तर्जुमा गरी लाभको बाँडफाँडमा सुनिश्चितता गरिनेछ।

४.२.२ आधारभूत खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रम कार्यान्वयन र सहभागितात्मक अनुगमन तथा मुल्याङ्कन गरि लक्षित वर्गमा लाभको वितरणमा सुनिश्चितता गरिनेछ।

**रणनीति**

**४.३. लक्षित वर्गको गुनासो सुनुवाईका लागि आवश्यक संयन्त्र तयार गर्ने।**

**कार्यनीतिहरु**

४.३.१ गुनासो सुनुवाइका लागि सुझाव पेटिका स्थापना गरि त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

४.३.२ सार्वजनिक सुनुवाइलाई लक्षित वर्गको सहभागितामा थप प्रभावकारी बनाइनेछ।

४.३.३ लैससास परीक्षणमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ।

**रणनीति**

**४.४ अनुगमन र मुल्याङ्कनलाई आवश्यक सूचक सहित अनिवार्य प्रणालीको रुपमा स्थापित गर्ने।**

**कार्यनीतिहरु**

४.४.१ नगरपालिकाको सहभागीतात्मक अनुगमन र मुल्याङ्कनको विधि तयार गरिनेछ।

४.४.२ अनुगमन र मुल्याङ्कनमा लैससासका सूचकहरु राखेर अद्यावधिक गरिनेछ।

४.४.३ सूचकमा आधारित अनुगमन र मुल्याङ्कनको प्रतिवेदन तयार गर्ने प्रणालीको विकास गरिनेछ।

४.४.४ योजनाको अनुगमन तथा मुल्याङ्कनका क्रममा लक्षित वर्गवाट प्राप्त सुझाव सल्लाहलाई उचित कार्यान्वयन गरिनेछ।

**रणनीति**

**४.५ लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधारका कार्यक्रमहरु संचालन गर्ने।**

**कार्यनीतिहरु**

४.५.१ लोपोन्मुख भाषा तथा लिपिहरुको खोज, अध्ययन गरि अभिलेखन तथा संरक्षण गरिनेछ।

४.५.२ परम्परागत पेशा, ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४.५.३ आदिवासी जनजाती, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यमा संलग्न व्यक्ति र समुदायको क्षमता अभिवृद्धि गरिनेछ।

४.५.४ परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

**नीति ५. सेवा प्रदायक तथा सम्बद्ध सरोकारवालाहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।**

**रणनीति**

**५.१ सेवा प्रदायक तथा सम्बद्ध सरोकारवालाको लैससास क्षमता विकास सम्बन्धी योजना बनाउने।**

### कार्यनीतिहरु

५.१.१ नगरपालिकाका सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादी संघ-संसंस्थाहरुको लैससास सम्बन्धि क्षमताको पहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्ययोजना साथै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

५.१.२ योजना तर्जुमा प्रकृयामा प्रत्यक्ष संलग्न कर्मचारी, जनप्रतिनिधि र संघ-संसंस्थाहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा प्रक्रियाका बारेमा क्षमता अभिवृद्धि गरिनेछ।

५.१.३ नगरपालिकाबाट सन्चालन हुने सबै तालिम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषयलाई प्राथमिकता दिइनेछ।

५.१.४ लैससास सम्बन्धी विद्यमान कानुन र व्यवस्थाहरुका बारेमा विभिन्न सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गरिनेछ।

### रणनीति

**५.२ सेवा प्रवाहको संयन्त्र र प्रक्रियालाई लैससास मैत्री बनाउने।**

### कार्यनीतिहरु

५.२.१ सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने विषयमा छलफल गरिनेछ।

५.२.२ सेवा प्रवाहको मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ।

५.२.३ सेवा प्रवाहको प्रक्रियालाई सरल र व्यवस्थित बनाइनेछ।

५.२.४. सेवा प्रदायक र सेवा ग्राहीको सुविधाका लागि पूर्वाधारहरु जस्तै स्तनपान कक्ष, शौचालय, बस्ने ठाउँ अपाङ्गता मैत्री सेवा दिने ठाउँ आदिको व्यवस्था गरिनेछ।

### रणनीति

**५.३ लैससास कार्यान्वयन समिति, लैससास कार्यान्वयन उपसमितिका पदाधिकारीहरु, लैससास सम्पर्क व्यक्ति, जनप्रतिनीधि तथा कर्मचारीहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्ने।**

### कार्यनीतिहरु

५.३.१ लैससासको सम्पर्क व्यक्तिको रुपमा काम गर्न लैससास सम्पर्क व्यक्ति तोकि स्पष्ट कार्य जिम्मेवारी उपब्ध गराईनेछ।

५.३.२ नगरपालिकामा एक लैससास कार्यान्वयन समिति र सबै वडामा लैससास कार्यान्वयन उपसमिति गठन गरिनेछ।

५.३.३ लैससास कार्यान्वयन समिति, लैससास कार्यान्वयन उपसमितिका पदाधिकारीहरु, लैससास सम्पर्क व्यक्ति, जनप्रतिनीधि तथा कर्मचारीहरुको लैससास सम्बन्धी क्षमता अभिवृद्धि गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

५.३.४ जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी अवसर प्रदान गर्दा महिला तथा बन्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्न सकारात्मक विभेदको नीति अनुरुप कार्यक्रम गरिने।

# संस्थागत व्यवस्था

**(क) लैससास कार्यान्वयन समिति**

यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमको ७ सदस्यीय लैससास कार्यान्वयन समिति रहनेछः

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कार्यपालिकाले तोकेको १ जना महिला - सदस्य

(च) सामुदायिक संघसंस्थाहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका १ जना - सदस्य

(छ) लैससास हेर्ने शाखाका प्रमुख/ लैससास सम्पर्क व्यक्ति - सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य कार्यविधि यसै नीतिसँग सम्बन्धित कानूनले निर्धारण गरे बमोजिम हुनेछ। प्रकरण ङ र च का सदस्यहरुको कार्यकाल बढीमा ३ वर्षको हुनेछ।

**(ख) लैससास कार्यान्वयन उपसमिति**

यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि लैससास कार्यान्वयन समितिलाई सहयोग गर्न सबै वडामा देहायबमोजिमका सदस्य रहने गरी ५ सदस्यीय लैससास कार्यान्वयन उपसमिति रहनेछन्।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्य (कम्तीमा एक जना महिला सहित) संयोजकले तोकेका २ जना - सदस्य

(ग) समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका १ जना - सदस्य

(घ) वडा सचीव - सदस्य सचिव

उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ। उपसमितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य कार्यविधि यसै नीतिसँग सम्बन्धित कानूनले निर्धारण गरे बमोजिम हुनेछ। प्रकरण ख र ग का सदस्यहरुको कार्यकाल बढीमा ३ वर्षको हुनेछ।

**(ग) सामाजिक विकास शाखा/ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा/ लैससास शाखा**

शितगंगा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धित कार्य गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको कार्य गर्ने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको व्यवस्था गरिएको छ। यस शाखाको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य कार्यविधि यसै नीतिसँग सम्बन्धित कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

**(घ) लैससास सम्पर्क व्यक्ति (GESI Focal Person)**

यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा हेर्ने कर्मचारी लैससास सम्पर्क व्यक्ति हुनेछ। लैससास सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य कार्यविधि यसै नीतिसँग सम्बन्धित कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

**(ङ) लैससास आचारसंहिता**

लैससासको मुलप्रवाहीकरण गर्दै लैङ्गिक संवेदनशिल सेवाप्रवाहका लागि शितगंगा नगरपालिकाका जनप्रतिनीधी, कर्मचारी, नगरबासी तथा सम्पुर्ण सेवाग्राहीका लागि लैससास आचारसंहिता निर्माण गरी लागु गरिनेछ।

## कानुनी व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि शितगंगा नगरपालिकाबाट आवश्यक कानूनी व्यवस्था मिलाइनेछ। आवश्यकता अनुसार निर्देशिका, कार्यविधि एवं कार्यान्वयन कार्ययोजना निर्माण गरी लागु गरिनेछ।यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरणको भुमिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले गर्नेछ।

## नीतिको अनुगमन र मुल्याङ्कन

यस नीति कार्यान्वयनको नियमित अनुगमन सामाजिक विकास समितिले गर्नेछ भने वार्षिक रुपमा नगरसभामा प्रतिवेदन पेश गर्नेछ।

## नीतिको पुनरावलोकन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता र उपयोगिताको मुल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ। सामान्यतया तीन वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ।

## सम्भावित जोखिम न्यूनीकरण योजना

उल्लेखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिनेछः

| क्र.सं. | सम्भावित जोखिम | न्यूनीकरणका उपाय |
|---|---|---|
| १ | नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन न्यून हुन सक्ने। | नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन शितगंगा नगरपालिकाले गर्नेछ। स्रोत व्यवस्थापनका लागि नगरपालिकाले विभिन्न |

| | | |
|---|---|---|
| | | सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| २ | भेदभावजन्य प्रचलन तथा व्यवहारहरु यथावत् रहन सक्ने। | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ। चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा नगरपालिकाले शुन्य सहनशिलताको नीति लिनेछ। |
| ३ | लैससासको बुझाईमा विविधता हुन सक्ने। | लैससासको बुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषय कम प्राथमिकतामा पर्न सक्ने। | योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ। लैससासका लाभ र अवसरहरुमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ साथै लक्षित समूहको सशक्तिकरण गरिनेछ। |
| ५ | लैससासको विषय अन्तर-सम्बन्धित विषयको रुपमा नहेरिन सक्ने। | लैससासको सवाललाई पालिकामा मुख्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ। सबै विषयगत क्षेत्रमा यसलाई अन्तर-सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ। लैससास क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग समन्वय गरी काम गरिनेछ। |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचकांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार नहुन सक्ने। | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। |
| ७ | नीति कार्यान्वयनमा संलग्न निकायहरुबीच प्रभावकारी रुपमा समन्वय नहुन सक्ने। | लैससास कार्यान्वयन समितिको नियमित बैठक बसी काम, कर्तव्य र अधिकारको प्रयोग गर्दै प्रभावकारी समन्वय कायम गर्ने। |

## अनुसूची १
## शब्दावली तथा परिभाषा

१. लैससास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२. लक्षित समुदाय : यस लैससास नीतिको प्रयोजनको लागि लक्षित समुदाय भन्नाले सीमान्तकृत तथा पछाडी परेका वा पारिएका, जोखिममा परेका वा बहिष्करणमा परेका समुदाय जस्तै महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र हिंसा प्रभावित लगायतलाई बुझिन्छ।